नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

**सूचना तथा प्रसारण विभाग**

सञ्चारग्राम, काठमाडौं

# कार्यालय मसलन्द तथा छपाई सम्बन्धी सामग्रीहरुको आपूर्ति गर्ने सम्बन्धी

## सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

सूचना नं. : 01/2082/83
दरभाउपत्र नं. : DOIB/SQ/01/ 2082/83

(प्रथम पटक प्रकाशित मिति: २०८२/०८/०१)

यस विभागलाई आ.व. २०८२/८३ को लागि आवश्यक पर्ने **कार्यालय मसलन्द तथा छपाई सम्बन्धी सामग्रीहरुको आपूर्ति** गर्न ईच्छुक फर्म/कम्पनीले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रीतपूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

१. सिलबन्दी दरभाउपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २०८२/०८/१५ गते कार्यालय समयभित्र यस विभागको आर्थिक प्रशासन शाखाबाट रु. १०००/- एक हजार मात्र ( फिर्ता नहुने गरी) राष्ट्रिय वाणिज्य बैंकमा दाखिला गरेको राजश्व भौचर वा विभागको जिन्सी शाखाबाट नगद तिरेको भौचरको प्रति र सि.नं. ६ मा उल्लेखित कागजात संलग्न पेस गरी खरिद गर्न सकिने छ । तर, अन्तिम दिन बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन कार्यालय समय भित्र खरिद गर्न सकिनेछ।

**<u>राजश्व सम्वन्धी विवरण:-</u>**

- कार्यालयको नाम: सूचना तथा प्रसारण विभाग, सञ्चारग्राम, काठमाडौं।
- कार्यालयको कोड नम्वर: ३५८०२३५०१ खाता नम्वर:- १०००१००२०००१००००
- राजश्व शिर्षक नं. १४२२९ बैंकको नाम: राष्ट्रिय वाणिज्य बैंक

२. सिलवन्दी दरभाउपत्र फाराम मिति २०८२/०८/१६ गते दिनको १२.०० बजे भित्र मूल्य अंक र अक्षरमा प्रष्ट लेखी फर्मको नाम, छाप र अधिकारवालाको सहीछाप सहित यस विभागमा दर्ता गराई सक्नु पर्नेछ । सो दिन विदा परेमा लगत्तै कार्यालय खुलेको दिन १२.०० बजे भित्र दर्ता गराई सक्नु पर्नेछ।

३. दाखिला हुन आएका सिलबन्दी दरभाउपत्र मिति २०८२/०८/१६ गते दिनको २.०० बजे विभागमा उपस्थित फर्म/कम्पनी र अन्य प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर सिलवन्दी दरभाउपत्रदाताका प्रतिनिधिहरु उपस्थित नभएमा पनि सिलवन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

४. सिलवन्दी दरभाउपत्रको मान्य अवधि ४५ (पैतालीस) दिनको हुनेछ । सिलवन्दी दरभाउपत्र साथ जमानत रकम वापत रु.२६,५००/- (अक्षरुपी छब्बीस हजार पाँच सय रुपैयाँ मात्र) को धरौटी स्वरुप कोष तथा लेखा नियन्त्रक कार्यालय, बबरमहल, काठमाडौंको नाममा नेपाल राष्ट्र बैंक बालुवाटारमा रहेको धरौटी खाता नं. १२०१२००००१००२५२४ तथा कार्यालय कोड नं. ३५८०२३५०१ मा जम्मा गरी सक्कलै भौचर पेश गर्नु पर्ने छ । विड सेक्युरिटीको हकमा सिलवन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिले ७५ दिन सम्मको मान्य अवधि (भ्यालिडिटि पिरियड) भएको हुनु पर्नेछ।

**धरौटी सम्बन्धी विवरण:**

- खाता नं.- १२०१२००००१००२५२४
- कार्यालयको नाम:- कोष तथा लेखा नियन्त्रक कार्यालय, बबरमहल, काठमाण्डौं।
- के वापत रकम जम्मा गर्ने हो सो खोल्ने: दरभाउपत्र नं. **DOIB/SQ/01/2082/83** को जमानत वापत।
- रकम जम्मा गर्ने कार्यालयको नाम:- सूचना तथा प्रसारण विभाग, सञ्चारग्राम, काठमाडौं।
- रकम जम्मा गर्ने पठाउने कार्यालयको कोड नं. ३५८०२३५०१

५ आपूर्तिकर्ताले सिलवन्दी दरभाउपत्रमा उल्लेख भए अनुसारको गुणस्तरयुक्त सामानहरु आपूर्ति गर्नु पर्नेछ । ***आपूर्ति गरेका सामानहरु गुणस्तरयुक्त भए/नभएको विज्ञबाट जाँच गराउन सकिनेछ र जाँच गराउदा सो बमोजिम नभएमा फिर्ता लगी गुणस्तरयुक्त सामान उपलब्ध गराउनु पर्नेछ । विभागको आवश्यकता अनुसार सामान घटी वा बढी पनि खरिद गर्न सकिने छ।***

६. दरभाउपत्र पेस गर्दा दरभाउपत्र फारामसाथ फर्म, संस्था वा कम्पनी दर्ता प्रमाणपत्र, नवीकरण गर्नुपर्ने भएमा सो समेत गरेको व्यवसाय दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाण पत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, आ.व.२०८०/८१ सम्मका कर चुक्ता भएको प्रमाण पत्र लगायत अन्य सम्वन्धित प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपिको साथै दरभाउपत्र सम्वन्धी सबै कागजातमा आधिकारिक व्यक्तिको दस्तखत र फर्म, संस्था वा कम्पनीको छाप लगाएको हुनु पर्नेछ।

७. सिलवन्दी दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको स्व:घोषणा पेश गर्नु पर्नेछ।

८. सिलवन्दी दरभाउपत्र फाराम बुझाउँदा सिलबन्दी गरी खामको बाहिर सूचना तथा प्रसारण विभाग को नाममा **"कार्यालय मसलन्द तथा छपाइ सम्बन्धी सामग्रीहरुको सिलवन्दी दरभाउपत्र"** भनी स्पष्टसँग उल्लेख गर्नु पर्नेछ।

९. नेपाल सरकारको प्रचलित ऐन नियमानुसार तिर्न बुझाउनुपर्ने कर, शुल्क, महशुल वा अन्य यस्तै भुक्तानी गर्नुपर्ने सबै दायित्व स्वीकृत दरभाउपत्रदाताको हुनेछ । नेपाल सरकारको प्रचलित ऐन, नियम अनुसार अग्रिम रुपमा कट्टी गर्नुपर्ने करहरु भुक्तानी गर्नुपर्ने समयमा कट्टी गरिनेछ ।

१०. सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) तथा सार्वजनिक खरिद नियमावली, २०६४ ( संशोधन सहित)बमोजिम रीत नपुगी, म्याद नाघी प्राप्त हुन आएको सिलवन्दी दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन।

११. सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस विभागमा निहित रहने छ।

१२. माथि उल्लेखित शर्तहरु बाहेक अन्य कुराहरु प्रचलित कानून अनुसार हुनेछ।

१३. यस सम्बन्धी थप कुराको जानकारी आवश्यक परेमा कार्यालय खुलेको समय भित्र यस विभागमा सम्पर्क राख्न सकिनेछ।

१४. यो सूचना विभागको वेबसाईट "www.doib.gov.np" मा पनि हेर्न सकिनेछ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग
२०७५

खरिद इकाई

2082/8/19